# नारीवादी इतिहास पात्रो

नेपाली इतिहास निर्माणमा महिलाका संघर्ष, योगदान र स्मृतिहरू संकलित




voices of women media



# नेपाली समाजको रूपान्तरणमा महिलाको योगदान इतिहासमा सुरक्षित छ

नेपाली महिलाहरूको इतिहास ओझेलमा परेको छ – अधुरो, कम अभिलेखित, र धेरै हदसम्म बेवास्ता गरिएका कारण । महिलाहरूले नेपाली इतिहास रच्नुमा धेरै योगदान दिएतापनि, त्यसको दस्तावेजीकरण गर्ने अवसरहरूबाट बञ्चित थियो । शिक्षामा पहुँचको अभाव, सामाजिक संरचनाहरूको बन्देज, कानूनी अवरोधहरू र पितृसत्तात्मक सोचका कारण महिलाका अनुभवहरू र योगदानहरू इतिहासका किताबहरूमा पर्याप्त रूपमा लेखिएनन् ।

हामीले तयार गरेको यो पात्रो इतिहास पुनःलेखनको एउटा सानो प्रयास हो । यो पात्रो नेपाली महिलाहरूले महिलाहरूका लागि हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूको स्मरण र सम्मानका लागि बनाइएको हो । यी दिनहरूलाई केवल एउटा मिति होइन, हाम्रो इतिहासमा महिलाहरूले गरेका संघर्ष, नेतृत्व, र योगदानको प्रतीकका रूपमा हेर्नुपर्छ ।

पर्खालमा झुन्डिएको यो पात्रोले हामीलाई हरेक दिन सम्झाउनेछ – हामीभन्दा अघि आएका महिलाहरूको बाटो कठिन थियो र उनीहरूले हामीलाई साहसी विरासत सुम्पेर गएका छन् । यसले हामीलाई ती गौरवपूर्ण पलहरू सम्झन, हर्षोल्लासका साथ मनाउन, र भविष्यका लागि अझ न्यायपूर्ण इतिहास बनाउने प्रेरणा दिन्छ ।

voices
of women
media

# वैशाख




१ **नारीवादी पत्रिका अस्मिताको प्रकाशन** : २०४५ साल वैशाख १ गते नारीवादी पत्रिका अस्मिताको पहिलो अंक बजारमा आएको दिन । सुसन मास्के र अन्जु क्षेत्री यसका सम्पादक थिए भने पारिजात यसका प्रेरक थिइन् ।

**नारीवादी पत्रिका अस्मिताको पुनः प्रकाशनः** वि.सं. २०८० वैशाखबाट यो पत्रिकाले **अस्मिता हाम्रो** नामबाट नवयात्रा शुरू गरेको छ । यो मुलतः अनलाइन प्रकाशन हो र यसले वर्षभरी अनलाइनमा प्रकाशित मध्येका विशिष्ट लेखहरूलाई संगालेर कागजी अंक प्रकाशन गर्दछ ।

२ नेपालको उपप्रधानमन्त्रीको रूपमा सेवा गर्ने पहिलो महिला शैलजा आचार्य थिइन् । उनले २०५५ सालमा यो पद सम्हालेकी थिइन् ।

३

४

५

६

७

८

९



Pasang Movie

१० **पहिलो नेपाली महिला पर्वतारोही** : २०५० सालमा पासाङ ल्हामू शेर्पा विश्वको सर्वोच्च हिमाली शिखर सगरमाथाको सफल आरोहण गर्ने पहिलो नेपाली महिला आरोही बनिन् । उनको मृत्यु शिखर आरोहणबाट आधार शिविर झर्ने क्रममा भएको थियो ।



Bikas Rauniar Collection/Nepal Picture Library

११ **पारिजातः** नेपाली साहित्यकी एक मानक पारिजात उर्फ विष्णु कुमारी वाइबाको जन्मदिन १९९४ सालमा भएको थियो । उनको कृति 'शिरिषको फूल'ले वि सं २०२२ मा मदन पुरस्कार प्राप्त गरेको थियो । इमान्दार र सुस्पष्ट रचनाहरूका लागि ख्याति कमाएकी पारिजात वामपन्थी विचारधाराकी थिइन् र तत्कालिन राजनीतिक र साहित्यिक माहौलका साथै जनआन्दोलन २०४६ मा पनि उनको जुझारू उपस्थिति थियो । उनको मृत्यु वि.सं. २०५० मंसिर १९ गते भयो ।

१२

१३ **नेपाली महिला कोषको सुरूवात**
टेवा महिला अधिकारवादी संस्थाले नेपाली महिलाका लागि आर्थिक कोषको शुरूवात गरेको थियो । हालसम्म नेपालको एक मात्र राष्ट्रिय महिलावादी कोषको रूपमा सञ्चालित छ ।

# वैशाख

१४

१५

१६

१७

१८

१९ **छाउपडीलाई अपराधीकरण**
सर्वोच्च अदालतले २०६२ सालमा महिनावारी भएका महिलाहरूलाई अलग्गै राख्ने परम्परा छाउपडी प्रथाको विरूद्धमा फैसला सुनायो, जुन महिला स्वास्थ्य र अधिकारतर्फको महत्वपूर्ण कदम हो ।

२०

२१

२२ **केन्द्रिय महिला मजदुर विभागको गठन**
२०४९ सालमा नेपाल ट्रेड युनियन महासंघ नेपालले पहिलो पटक केन्द्रिय महिला मजदुर विभागको गठन गर्यो ।

२३

२४

२५

२६

२७

२८

२९

३०




३१ **स्थानीय सरकारमा महिला**
२०७४ वैशाख ३१ संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानिय चुनावमा स्थानिय निर्वाचन ऐन २०७४ को महिला उम्मेदवारी र सहभागिता सम्बन्धी अनिवार्य प्रावधानले महिला राजनीतिकर्मीहरूलाई स्थानिय सरकारको प्रमुख, उप-प्रमुख पदमा उल्लेखनीय रूपमा विजयी गरायो । तथापी, प्रावधानको प्रमुख वा उप-प्रमुख पदमध्ये एकमा महिला हुनुपर्ने अनिवार्यताला राजनीतिक दलहरूले अधिकांश महिलालाई उपप्रमुख पदमा उम्मेदवारी दिएकाले महिला राजनीतिकर्मीको पर्यायवाची पद उप-प्रमुख हो भन्ने भाष्यको अप्रत्यक्ष निर्माण भएको पाइन्छ। तिन चरणमा भएको उक्त चुनावबाट १४ हजार ४०२ जना महिला प्रतिनिधि निर्वाचित भएका छन् । जसमा २५ वटा पालिका प्रमुखमा महिला प्रतिनिधि निर्वाचित छन् । तीन चरणमा भएको सो स्थानीय चुनावको दुई चरण असार १४, असोज २ गते भएको थियो ।

# जेठ

१

२

३

४

५



६ **संसदमा महिला अधिकार सम्बन्धी चार बुँदे प्रस्ताव**
विद्यादेवी भण्डारी (सांसदः नेकपा (एमाले) प्रस्तावक, कमला पन्त र एनपी साउद (सांसद द्वयः नेपाली काँग्रेस), नवराज सुवेदीको समर्थनमा नेपाली महिला आन्दोलनलाई टेवा दिने चार बुँदे प्रस्ताव दर्ता गरियो । ति चार बुँदाः आमाको नाममा नागरिकता, सम्पत्तिमा समान अधिकार, एक-तिहाइ सहभागिता र महिला हिंसा अन्त्य तथा विभेदपूर्ण कानून खारेजी सम्बन्धि थिए। यो प्रस्तावलाई सर्वसम्मत रूपमा जेठ १६, २०६३ का दिन संसदमा पारित गरियो ।

७

८

९

१०

११

१२ **सगरमाथा आरोही महिला टोलीः** नेपाली महिलाहरू सम्मिलित सेभेन समिट महिला टोली सगरमाथा आरोहण गर्ने नेपालबाट पहिलो पूर्ण महिला समूह बन्यो । उनीहरूले सन् २०१४ सम्ममा सातै महादेशका अग्ला चुचुराहरू आरोहण पूरा गरेका थिए ।



१३ **पहिलो महिला सांसद तथा मन्त्री**
७ फागुन २०१५ मा भएको नेपालको पहिलो संसदीय चुनावमा ७ महिला उम्मेदवार मध्ये द्वारिकादेवी ठकुरानी मात्र विजयी भइन् । १३ जेठ २०१६ मा गठित मन्त्रिमण्डलमा उनी स्वास्थ्य तथा स्वायत्त शासन उपमन्त्री भइन्, र १६ असारमा सहायक मन्त्री बनिन् ।

# जेठ




**१४**

**नेपालमा मिटु अभियानको सुरुवात**
२०७६ जेठ १४ मा नेपालमा मिटु अभियानको सुरुवात काठमाडौं पोष्टमा त्रिभुवन विश्व विद्यालयका सेवा निवृत प्राध्यापक विरूद्ध उनको विद्याथीहरूले आफूमाथी गरिएको यौन दुर्व्यहभारलाई सार्वजनिक गरेको यस लेखबाट भएको मानिन्छ । यस उपरान्त पनि नेपालको शैक्षिक संस्था, कला क्षेत्र, चलचित्र, राजनीतिका कतिपय व्यक्तिका विरूद्ध मिटु अभियान संघर्षरत छ ।

**१५**

२०६५ सालको चुनावमा सुनिल बाबु पन्त सांसद सिफारिस पश्चात एसिया भरि निर्वाचित पहिलो खुला समलिङ्गी संसद सदस्य बने ।



**१६**

**१७**

**१८**

**१९**

**२०**

**२१**

**२२**

**२३**

**२४**

**२५**

**२६**

**संकल्प सञ्जालको गठनः** वि.सं. २०६१-६२ यता नेपालका महिलावादी संस्थाहरूले शान्ति, शक्ति, न्याय र संविधान सभामा क्रियाशिल हुन गठबन्धन गरेका थिए । उक्त गठबन्धनले २०६८ जेष्ठ २६ देखि संकल्प सञ्जालको रूप लियो र हालसम्म यो सञ्जाल शान्ति, न्याय र लोकतन्त्रका विषयमा महिलावादी दृष्टिकोण सहित क्रियाशिल छ ।

**२७**

**२८**

**२९**

**३०**

**३१**

# असार

१

२

३

४

५

६

७

८

९

१०

११

१२



१३

**कम्लरी प्रथाको अन्त्य:** नेपालभरिका कम्लरीहरूलाई संगठित आन्दोलनको नतिजा स्वरूप नेपाल सरकारले १३ असार २०७० का दिन कम्लरी प्रथाको अन्त्य घोषणा गर्‍यो र मुक्त कम्लरीहरूको लागी शिक्षा लगायत उनका अधिकार सम्बन्धित विषयमा सम्झौता गर्‍यो । हालसम्म उक्त सम्झौताको पूर्ण कार्यान्वयन भएको छैन र मुक्त कम्लरी विकास मञ्चको संघर्ष निरन्तर चलिरहेको छ ।

१४

१५

१६

# असार

१७

१८

१९

२०

२१ **महिला स्वास्थ्य नीतिः** प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन, महिला सेवा र समान स्वास्थ्यमा पहुँच प्रदान गर्ने लक्ष्य सहित महिला स्वास्थ्य नीति पारित गरियो ।



२२ **योगमाया न्यौपानेद्वारा जल समाधीः** तत्कालिन जहाँनिया राणा शासनले बाल विधुवाको अवस्थामा हुनुपर्ने सामाजिक सुधारको सुनुवाई नभएको विरोध गर्दै योगमाया न्यौपानेले आफ्ना ६७ अनुयायीहरूसँग अरूण खोलामा वि.सं. १९९८ असार २२ गते जल समाधी लिइन् ।

२३

२४

२५ **सती प्रथाको उन्मूलन**

अग्रणी महिला कवि तथा महिला अधिकारकमी योगमाया न्यौपानको सक्रियतमा १९१८ मा नेपाली महिलाहरूको पहिलो संगठन, नारी समिति स्थापना भएको थियो । उनको सक्रियताले १९७७ मा सती प्रथाको उन्मूलन गरायो ।

२६



Hemanta Shrestha

२७ **प्रथम महिला प्रधान न्यायाधिश**

वि.सं. २०७३ असार २७ गते शुशिला कार्की प्रथम महिला महान्यायाधिश बनिन् । तथापी, कार्कीले आफूले उक्त पद लैंगिकताको आधारमा नभई सक्षमता र कार्य अनुभवको आधारमा पाएकी दावी गरेकी छिन्।

२८ **महिला हिंसा विरूद्धको कानूनी प्रावधान पारितः**

२०६६ सालमा सुरक्षा, यौन, उत्पीडन र घरेलु हिंसाको विरूद्ध कानूनी प्रावधान पारित गरिएको थियो ।

नेपालको महिला राष्ट्रिय क्रिकेट टोलीले २००७ मा पहिलो एसीसी महिला टी-२० च्याम्पियनसिपमा भाग लिँदै अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यू गरेको थियो ।

२९

३०

३१

# श्रावण

**१** **सेनामा महिला गुल्म** : २०७४ सालबाट नेपाली सेनाले महिला गुल्म गोरखकाली गुल्म खडा गरेको थियो । उक्त गुल्ममा सबै तहका नेपाली सेना महिला रहने छन् ।




२०६४ श्रावण १ गतेबाट वैदेशिक रोजगार ऐन, २०६४, अनुच्छेद ७ ले वैदेशिक रोजगारमा महिला र पुरूष कामदार बीच कुनै विभेद गर्न नपाइने र महिलाका लागि विशेष सुविधा गर्ने व्यवस्था गरेको दिन ।

**२**

**३**

**४**

**५**

**६** **आमाको नामबाट नागरिकता:** नेपाल नागरिकता ऐन, २०६३ (संशोधन) लाई नेपाल नागरिकता (पहिलो संशोधन) ऐन २०७९ ले आमाको नामबाट वंशजको नागरिकता दिने प्रक्रियालाई स्पष्टताका साथ कानूनी रूपमा स्थापित गर्‍यो ।

**७**

**८**

**९**

**१०**




**११** **#JusticeforNirmala**: वि.सं. २०७५ साउन ११ मा बलात्कार पश्चात हत्या गरिएको १३-वर्षीय निर्मला पन्तको न्यायको लागि १०० दिन भन्दा बढी #justiceforNirmala अभियान चलेको थियो । उक्त घटनामा प्रहरीले अनुसन्धानको क्रममा गरेका त्रुटी र लापारवाही प्रति राज्यले देखाएको उदासिनता र दण्डहिनताले देशव्यापी रूपमा सार्वजनिक आक्रोश र विरोध सिर्जना गरेको थियो । उक्त विरोधको सुरूवात #rageagainstrape समूहले गरेको थियो । उक्त घटना र विरोध पश्चात नेपालमा संयुक्त राष्ट्र संघीय महिला विरूद्धको हिंसाका विशेष समाधिक्षकलाई अध्ययन भ्रमण गराइएको थियो र नेपाल सरकारले उनलाई घटना घटेको जिल्ला कञ्चनपुर जान रोक लगाएको थियो । आजको मितिसम्म उनको बलात्कार र हत्याराको पत्ता लागेको छैन ।

**१२** **नारीवादी दलित संगठन (फेडो) को स्थापना** २०५१ सालमा दलित महिलाहरूको एउटा समूहद्वारा गरिएको थियो, जसले जात र लैङ्गिक भेदभाव विरूद्ध लड्न र न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न आन्दोलनको सुरूवात गरेको थिए ।

FEDO

**१३** **प्याराओलम्पिक्स पदक विजयी दिपा मलिकले** २०७३ सालको रियो २०१६ प्याराओलम्पिक्समा गोला फाल इभेन्टमा रजत पदक जितिन् ।

**१४**

# श्रावण

## १५

## १६

## १७

## १८

## १९

## २०

## २१

## २२

## २३




## २४

**नेपाल महिला संघको स्थापनाः** वि.सं. २००४ श्रावण २४ गते मंगलादेवी सिंहलाई अध्यक्ष चुन्दै नेपाल महिला संघको स्थापना गरिएको दिन ।

## २५

## २६

**बोक्सी आरोप विरूद्ध कानून**
रेश्मा थापाले दायर गरेको रिट निवेदनको जवाफमा नेपालको सर्वोच्च अदालतले २०६१ सालमा बोक्सीको आरोप विरूद्ध कानून बनाउन निर्देशनात्मक आदेश जारी गऱ्यो । त्यसपछि नेपाल सरकारले बोक्सीको आरोपका दोषीहरूलाई दण्डित गर्न सामान्य संहिता (१९६३) मा प्रावधान थप्यो ।

## २७

## २८

**राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको स्थापना** : नेपालका आदिवासी जनजाति महिलाको हक-अधिकारका आदिवासी जनजाति आन्दोलन सहित राज्यसँग नीतिगत पैरवी गर्नका लागि २०५६ सालमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको स्थापना गरियो ।

## २९

## ३०

## ३१

# भाद्र

**१**

नेपालले २०७५ सालमा **एसिड आक्रमणलाई अपराधीकरण** गर्‍यो । २०७७ मा कडा सजाय र बिक्री नियमहरू थपियो । मुस्कान खातुन र संगीता मगर जस्ता पीडितहरूले यी कानुनी सुधारहरूको लागि अग्रसरताको नेतृत्व गरे ।

**नेपालमा सम्बन्ध विच्छेदलाई नियन्त्रण गर्ने** प्राथमिक कानून राष्ट्रिय नागरिक संहिता २०१७ (मुलुकी देवानी संहिता, २०७४) २०७५ सालमा लागू भएको थियो ।

परोपकार प्रसूति तथा महिला अस्पताल - **प्रसूति गृह - २०१६ सालमा स्थापना** भएको थियो ।

**२**

**३**

**४**


Jagaran Media Center

**५**

**वादी आन्दोलन** - वि.सं. २०६४ भाद्र ५ मा उमादेवी वादीको नेतृत्वमा ४८ दिने वादी आन्दोलन शुरू भयो । यस आन्दोलनमा २३ जिल्लाबाट काठमाडौं आएका ५०० वादीहरूले सिंहदरबार अगाडी धर्ना गरेका थिए । यस आन्दोलनका प्रमुख मागहरू: क) यौनपेशाको अन्त्य, ख) वादी समुदायका लागि स्थायी आवासको व्यवस्था, ग) वादी समुदायका बालबालिकाको जन्मदर्ता र नागरिक दर्ता थिए । तत्कालीन सरकार द्वारा वादी समुदायका लागि सार्वजनिक आवासिय कार्यक्रम शुरू गर्ने निर्णय लिएको थियो जसको हालसम्म पूर्ण कार्यान्वयन भएको छैन ।

२०६६ सालमा नेपाल इन्जिनियर काउन्सिलबाट लाइसेन्स प्राप्त गर्ने पहिलो नेपाली महिला एरोनोटिकल इन्जिनियर, सुनिरा रेग्मी


Priyanjali Karn

**६**

**७**

**८**

**९**

समलैंगिक, उभयलिंगी र ट्रान्सजेन्डर व्यक्तिहरूको अधिकारको वकालत गर्न मिटिनी नेपाल २०६३ सालमा स्थापित गरिएको थियो ।


Sahana Pradhan Foundation

**१०**

काठमाडौं जिल्ला वडा नं. ८ को निर्वाचनमा सहाना प्रधान निर्वाचित । सहाना प्रधानले २०४९ भदौ १० गते देशको पहिलो निर्वाचित महिला प्रतिनिधि बनेर इतिहास रचेकी थिइन् ।

**ओलम्पियन संगीना**
सन् २००४ को एथेन्समा भएको ग्रीष्मकालीन ओलम्पिकमा औपचारिक रूपमा छनोट हुने र राष्ट्रको पहिलो तेक्वान्दो खेलाडी बन्ने पहिलो नेपाली खेलाडी संगिना वैद्य हुन् ।



**११**

**१२**

**महिला आरक्षण:** २०४८ सालमा सार्वजनिक सेवा क्षेत्रमा महिला आरक्षण अनुसार सार्वजनिक सेवामा महिलाको २० प्रतिशत आरक्षण व्यवस्था गरियो ।

**१३**

२०५७ सालमा भूमिहिन महिलाको सुरक्षित आवास र भूमि अधिकारको पैरवी गर्ने **नेपाल महिला एकता समाजको स्थापना** ।

# भाद्र

१४

**पलेसा गोवर्द्धनः** सन् २०२४ को पेरिस प्यारा ओलम्पिक्समा पलेसा पलेसाले ४४ क्याटेगोरीको ५७ केजी तौल समूहमा कांस्य पदक जितेकी हुन् । यस अघि चीनमा भएको छनोट खेलमा उनले स्वर्ण पदक जितेकी थिइन् ।



१५

१६




१७

**National Geography Adventurer of the Year २०१७**
नेपाली अल्ट्रा म्याराथन धाविका मीरा राई National Geography Adventurer of the Year २०१७ बनिन् । उनी नेपालको दुर्गम गाउँबाट अन्तर्राष्ट्रिय स्तरसम्मको यात्रा तय गर्ने पहिलो महिला नेपाली अल्ट्रा धाविका हुन् ।

१८

१९

२०

२१

२२

२३

२४

२५

२६

२७

नेपालमा **LGBTQIA+** व्यक्तिहरूको अधिकारलाई अगाडि बढाउन र उनीहरूको कल्याणमा सुधार गर्न २०५८ सालमा ब्लू डायमण्ड सोसाइटीको स्थापना भएको थियो ।

BLUE DIAMOND SOCIETY
Nepal

२८

२९

३०

३१

# आश्विन

१

**२००८ साल मा पद्म कन्या बहुमुखी क्याम्पसको स्थापना भएको थियो ।**

**सन्तानको संरक्षकको हकः** मुलुकी ऐन, २०७४ को धारा ३ (१) अनुसार लोग्ने र स्वास्नी अलग भएमा पाँच वर्ष मुनिको नाबालक सन्तानको संरक्षकको पहिलो अधिकार आमालाई दिइने व्यवस्था गरियो।

**पैतृक सम्पत्तिको हकः** मुलुकी ऐन, अंशवण्डाको १६ नं ले पैतृक सम्पत्तिमा विवाह पछि पनि छोरीको अधिकारलाई स्थापित गरेको छ। यस अघि रहेको अंश लिइसकेकी छोरीको विवाह भएमा निजले खाईलाई बाँकी रहेको सम्पत्ति निजका माइती पट्टिका हकवालाको हुन्छ भन्ने व्यवस्थालाई खारेज गरेको छ ।

**मुलुकी ऐन, जबरजस्ती करणी १० (ख) संशोधनः** मुलुकी ऐन, जबरजस्ती करणीको १० (ख) ले बलात्कृत महिलालाई बलात्कार गर्ने व्यक्तिबाट अंश भराउने तथा बलात्कार गर्ने व्यक्तिलाई नै लोग्ने मान्ने कानून संशोधन गरी क्षतिपुर्तीको अवधारणा ल्याएको छ । र, मुलुकी ऐन, जबरजस्ती करणीको १० अन्तर्गत जबरजस्ती करणीको मुद्दा दायर भए लगत्तै आरोपित व्यक्तिको अंश लगायतका सम्पत्ति रोक्का हुने व्यवस्था छ ।

**महिला द्वेषी शब्दहरूको खारेजीः** मुलुकी ऐन अ.वं. ११ ले कानूनी दस्तावेजमा महिलाद्वेषी शब्दावलीहरूलाई खारेज गरेको छ । उदाहरण ('आमा पोइल जाने' को साटो 'आमाले अर्को विवाह गरेमा')

**विवाहको उमेरमा संशोधनः** विवाह दर्ता ऐन (१९७१) मा तोकिएको विवाहको उमेरलाई संशोधन गर्दै विवाह दर्ता ऐन संशोधन २०७५ ले विवाहका लागि महिला र पुरूषको उमेर २० वर्ष हुनुपर्ने र उक्त उमेर भन्दा अगाडी गरिएको विवाहलाई बालविवाह ठहर हुने, र बाल विवाहलाई अपराध ठहर गरिएको ।

**प्रहरी सेवामा महिला कोटाः** प्रहरी नियमावली, २०४९ को बाहौं संशोधनले वि.सं. २०७६ बाट प्रहरी सेवामा महिला प्रहरीको संख्या सुनिश्चित गर्नका लागि महिलाका लागी २० प्रतिशत कोटा व्यवस्था गर्‍यो ।

२

**पहिलो महिला ओलम्पियन** : पार्वती थापा नेपालबाट पहिलो महिला ओलम्पियन थिइन् जसले २०४५ सालमा दक्षिण कोरियाको सियोलमा भएको ग्रीष्मकालीन ओलम्पिकमा महिला १० मिटर एयर राइफल प्रतियागितामा देशको प्रतिनिधित्व गरिन् ।

३

४

५

६

७

**रातो कर माफ गरः** किशोरी तथा महिलाहरूले आफ्नो महिनावारीमा प्रयोग गर्ने स्यानिटेरी प्याडमा लगाइएको १०% विलासिताको साधन प्रयोग र १३% भ्याट करको खारेजी माग गर्दै नेपाली युवाहरूको समूह युथ कंग्रेस नेपालले विरोध प्रदर्शन गरेको थियो । विरोधको मुख्य सन्देश महिनावारीमा प्रयोग हुने स्यानिटेरी साधन विलासिताको साधन नभएको र यो सर्वसुलभ रूपमा उपलब्ध बनाउनुको सट्टा सरकारले कर तिराउनु अनावश्यक र संवेदनहीन कार्य हो ।

८

९

१०

११

**गर्भपतन वैधानिकता**

२०५९ सालमा नेपालमा नागरिक संहितामा ११ औं संशोधन पछि गर्भपतनलाई वैधानिकता दिइएको थियो । संसदले संशोधनलाई अनुमोदन गरेपछि र शाही छाप प्राप्त गरेपछि यो कानून लागू भयो ।

१२

१३

१४

# आश्विन

१५

१६ **महिला सशक्तिकरण नीतिः** लैंगिक समानता, महिला अधिकार र महिला सशक्तिकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ महिला सशक्तिकरण राष्ट्रिय नीति २०७७ ल्याइएको दिन ।

१७

१८

१९

२० **निर्मला कुर्मी हत्याकाण्डः २०७८ सालमा** बाँके जिल्लाकी निर्मला कुर्मीको खोजी र नकुन्ना धोबीको हत्यारा विरूद्ध अनुसन्धानको माग गर्दै रूबी खानको नेतृत्वमा १३ जना बाँकेका महिलाहरू नेपालगञ्जबाट काठमाडौंसम्म १३-दिन पैदल यात्रा गरेर आए । उनीहरूले चरणबद्ध रूपमा काठमान्डौमा विरोध प्रदर्शन र धर्ना कार्यक्रम गरिरहेका थिए । उनीहरूको तेस्रो धर्ना कार्त्तिक १४ का दिन सरकारसँग ३-बुँदे सहमति गरेपश्चात तोडेका थिए र हाल सरकार पक्षद्वारा ती मागको कार्यान्वयनको प्रतिक्षा र खबरदारी गरिरहेका छन् ।

२१

२२

२३

२४

२५

२६

२७

२८


Vishva Gujarat

२९ **महिला सभामुखः** नेपालको प्रतिनिधि सभाको पहिलो महिला सभामुख रोल्पाकी ओनसरी घर्ती मगर बनिन् । नेपालको १०-वर्षे जनयुद्धको जनमोर्चामा संलग्न रहेकी ओनसरी माओवादीले होलेरी चौकीमा गरेको आक्रमणमा संलग्न २ महिला मध्येकी एक हुन् ।

३०

३१

# कार्तिक

१

२

३




४ **'बलत्कारी होस् तँ' अभियान**
माइतीघर मण्डलामा २०७७ सालमा एक फ्ल्याश मोबले बलात्कार र यौन हिंसाका बढ्दो घटनाहरूको विरोध गर्दै, जागरूकता जगाउँदै र न्यायको माग गर्दै विरोध प्रदर्शन गऱ्यो ।

५

६

७

८

९

१०




११ **पहिलो महिला राष्ट्रपतिः** नेकपा एमालेबाट समानुपातिक निर्वाचन प्रणालीबाट दोस्रो संविधान सभामा सदस्य बनेकी विद्या देवी भण्डारी २०७२ सालमा नेपालको पहिलो महिला राष्ट्रपति बनिन् । उनी वि.सं. २०७४ फागुन २९ मा दोस्रो कार्यकालका लागि पुनः राष्ट्रपति चुनिइन् ।

१२ **वैवाहिक बलात्कारको अपराधीकरण**
नेपालले २०७४ सालमा वैवाहिक बलात्कारलाई अपराधको रूपमा परिभाषित गर्ने कानून ल्यायो, जसमा पाँच वर्षको जेल सजायको व्यवस्था गरिएको थियो, जसले वैवाहिक जीवनमा महिलाको अधिकारलाई स्वीकार गऱ्यो ।

१३

१४

१५

१६

१७

१८

# कार्तिक

## १९

## २०

## २१

## २२

## २३

## २४

**भोट कसलाई? नेतृलाई अभियानः** यस दिन अक्युपाई बालुवाटारका ८ युवा महिला अभियन्ताहरूले (सुमिना राई-कार्की, सुरभी पुडासैनी, कला राई, इन्दिरा घले, पुजा सिंह, सायरा कार्की, आस्था शर्मा पोखरेल, र प्रणिका कोयू) वि.सं. २०७० को दोस्रो संविधान सभा चुनावका दुवै समानुपातिक र प्रत्यक्ष प्रणाली मार्फत निर्वाचित भएतपनि महिला सांसदहरूको संख्या ३३% पनि नपुग्ने भएपछि शुरू गरेको "भोट कसलाई? नेतृलाई" अभियान थियो । यस अभियानको मुख्य दिन कार्तिक २४ गरे काठमाण्डौ उपत्यकामा दुवै प्रणाली मार्फत १०१ संख्याका महिला उम्मेदवारहरूको लागि आफ्नो उम्मेदवारीको उद्देश्य, चुनाव चिन्ह र निर्वाचन क्षेत्रकों बारेमा जानकारी दिन कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रम काठमाण्डौको खुला मञ्चमा गरिएको थियो र हिसिला यमी, सुप्रभा घिमिरे, लगायतका महिला उम्मेदवारहरूले सहभागिता जनाउनु भएको थियो ।




२०७९ कात्तिक २४ गते दोस्रो संघीय तथा प्रदेश चुनावमा प्रतिनिधिसभामा ३३ प्रतिशत र राष्ट्रिय सभामा ३७ प्रतिशत महिला प्रतिनिधि निर्वाचित भए ।

## २५

## २६

## २७

## २८

## २९

## ३०

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका वरिष्ठ वैज्ञानिक अधिकृत टिस्टा प्रसाई जोशीलाई TWAS-समीरा उमर इनोभेसन फर सस्टेनेबिलिटी अवार्डबाट सम्मानित गरिएको थियो । उनलाई "नेपालमा पिउने पानीको गुणस्तर सुधार गर्ने, विशेष गरी भूगर्भीय पानीको आर्सेनिक प्रदूषणलाई सम्बोधन गर्ने उनको अग्रणी कार्यको लागि" २०८१ सालमा मान्यता दिइएको थियो ।




## ३१

# मंसिर

## १

## २

## ३




## ४

पहिलो संविधानसभा विघटन पछि २०७० मंसिर ४ गते दोस्रो संविधानसभाको निर्वाचन गरिएको एतिहासिक दिन । राजनीतिक दलहरूले दोस्रो संविधान सभाको चुनावका दुवै प्रत्यक्ष र समानुपातिक तर्फबाट महिला उम्मेदवारी तथा नामावली पहिलो संविधानसभाको तुलनामा उल्लेखनिय रूपमा घटाएका थिए । फलस्वरूप दोस्रो संविधानसभामा महिला प्रतिनिधित्व ३३% पनि पुगेन ।

## ५

## ६

## ७

## ८

## ९

## १०

२०७४ मंसिर १० र ११ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो संघिय तथा प्रदेश चुनावमार्फत प्रतिनिधि सभामा ३२.७३ प्रतिशत महिला प्रतिनिधिको सहभागिता र राष्ट्रिय सभामा ३७.२९ प्रतिशत महिला प्रतिनिधिको सहभागिता थियो ।

## ११

## १२

## १३

**राष्ट्रिय महिला मानवअधिकार रक्षक सञ्जाल**
महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपालले अन्तर्राष्ट्रिय महिला मानवअधिकार रक्षक दिवस नेपालमा पहिलो पटक मनाउनुका साथै उक्त समयमा आयोजना गरिएको महिला मानवअधिकार रक्षकहरूको परामर्श गोष्ठिद्वारा नेपाल महिला मानवअधिकार रक्षक सञ्जालको गठन गरिएको थियो । हाल उक्त सञ्जालको प्रदेश र जिल्ला स्तरिय सञ्जाल पनि महिला मानवअधिकारको क्षेत्रमा क्रियाशिल छन् ।




नेपालमा पहिलो कानुनी रूपमा मान्यता प्राप्त समलिङ्गी विवाह नोभेम्बर २९, २०२३ मा सिसजेन्डर पुरुष सुरेन्द्र पाण्डे र ट्रान्स-महिला माया गुरुङ (कानुनी रूपमा पुरुषको रूपमा दर्ता) द्वारा दर्ता गरिएको थियो ।

# मंसिर

१४

१५

१६

१७

१८

१९

**गोल्डेन गर्ल** सन्तोषी श्रेष्ठले २०७६ सालमा दक्षिण एसियाली खेलकुदमा नेपालको लागि पहिलो पटक महिला १०,००० मिटर दौडमा स्वर्ण पदक जितिन् ।


Keshav Thapa

२०

२१

२२

२३

**नेपालकी जलपरी**
२०७६ सालमा १३ औं दक्षिण एसियाली खेलकुदमा पौडी प्रतियोगितामा चार स्वर्ण जित्ने पहिलो नेपाली पौडीबाज बनिन् गौरिका सिंह ।


Vikramjit Kakati

२४

२५

२६

२७

२८

२९

३०

**सम्पत्तिको पूर्ण उपभोगको अधिकारः** लिली थापा विरूद्ध श्री ५ को सरकार समेत भएको २०६२ सालमा दर्ता गरिएको मुद्दामा भिन्न भएको कन्या, सधवा, विधुवा स्वास्नी मानिसले आफ्नो अंश हकको अचलमा आधाभन्दा बढी आफूखुशी गर्न नपाउने र अन्य हकवालाको स्वीकृति लिनुपर्ने भन्ने मुलुकी ऐन स्त्री अंश धनको २ नं व्यवस्थालाई असमान ठहऱ्याई खारेज गरेको छ ।

# पुष

१

९

२

१०

३

११

४

१२

५

**पहिलो रजत पदक विजेता** : एसियाली खेलकुदमा रजत पदक जित्ने पहिलो नेपाली खेलाडी सविता राजभण्डारी थिइन्, उनले १९९८ मा बैंककमा भएको एसियाली खेलकुदमा तेक्वान्दोमा रजत पदक जितेकी थिइन् ।



*Nepal Pride Parade*

६

**इन्द्रेणी फैसला**

नेपालको सर्वोच्च अदालतले २०६४ सालमा समलिङ्गी सम्बन्ध र LGBTQIA+ अधिकारलाई मान्यता दिने ऐतिहासिक फैसला सुनायो ।

७

८




*Bikkil Sthapit*

१३

**अक्युपाई बालुवाटार** : २०६९ पौष १३ का दिन देखि सिता राई विरूद्ध अध्यागमन विभागको घटनामा राज्यको जवाफदेहिता र सिताको लागि न्यायको माग गर्दै नेपाली युवाहरूले अक्युपाई बालुवाटार (सत्याग्रह) अभियानको सुरूवात गऱ्यो । वैदेशिक रोजगारबाट फर्केकी सिता राईको घटनाबाट सुरू भएको यो अभियानमा अभियन्ताहरूले त्यही समयताका घटेका महिला विरूद्धको हिंसाका प्रतिनिधिमूलक घटनाहरू शिवा हास्मी, विन्दा ठाकुर, सरस्वती सुवेदी, र छोरीमैंया महर्जनमा राज्यको उदासिनता र जवाफदेहिताको माग गरेका थिए । अभियन्ताहरूले पौष १२ गतेका दिन तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईलाई बुझाएको मागपत्रमा १०-वर्षे जनयुद्धमा हत्या गरिएका उज्जैन श्रेष्ठका हत्याको आरोपी बालकृष्ण ढुंगेको विरूद्ध पनि कारवाहीको माग गरिएको थियो । उक्त अभियान १०३ दिनसम्म बालुवाटार स्थित प्रधानमन्त्रीको निवास अगाडी भएको थियो ।

१४

# पुष

१५

१६

१७

१८

१९

२०

२१




२२

**एमाले केन्द्रिय कमिटिमा पहिलो महिला सदस्यः** वि.सं. २०४७ पुषमा एमाले गठन गर्दा केन्द्रिय कमिटिको स्थायी सदस्यमा सहाना प्रधान पहिलो महिला सदस्य बनिन् ।

२३

२४

२५

२६

२७

२८

२९

३०

# माघ

१

२०४८ माघ १ गते **समान कामको लागि समान पारिश्रमिक** लागु गरिएको दिन ।

**महिला आरक्षणः** नेपालमा महिलाको लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था पहिलो पटक आन्तरिक संविधान २०६३ मार्फत गरिएको हो ।

अन्तरिम संविधान २०६३ जारी गरिएको र सोही संविधानको अनुच्छेद २० (महिलाको हक) मा महिलाको समानता, भेदभाव मुक्त व्यवहार, प्रजनन स्वास्थ्य अधिकार, तथा हिंसाजन्य कार्यलाई कानुनी रूपमा दण्डनीय वनाउने व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ मा अझ सशक्त रूपमा समावेश छ ।

२

३

४

५

६

७

८

९



१०

**महिला अधिकारः** नेपालको संविधान २०५८ ले महिलालाई शिक्षा, स्वास्थ्य र रोजगारमा समान अवसर सुनिश्चित गर्ने प्रावधान राखेको थियो

**नेपाली सेनामा महिलाः** नेपाली सेनाले वि.सं. २०१७ यता देखी नै महिलाहरूलाई प्राविधिक पदमा (नर्स) सेवा भर्ना लिने थालनी गरे यता विभिन्न समयमा अन्य पदमा पनि (प्याराफोल्डर- वि.सं. २०२१, चिकित्सक - वि.सं. २०२५, प्राड (कानून) - वि.सं. २०५४, इन्जिनियर, कर्मचारी र साधारण सेवा - वि.सं. २०६०, साधारण अधिकृत - वि.सं. २०६१, र वायु सेवा - वि.सं. २०६७) सेवा प्रवेश दिन थालेको थियो । यद्यपी, सैनिक सेवा नियमावली २०६९ नियम ५, उपनियम (३) अनुसार अब साधारण सेवा तर्फका महिला सैनिकहरूलाई कम्ब्याट रिलेटड ड्युटिजमा लगाइने व्यवस्था गरेको छ जसको अर्थ प्रत्यक्ष रूपमा युद्धमा संलग्न नहुने तर सैनिक निकायका अन्य व्यवस्थापन तथा प्रशासनिक कार्य गरिने भन्ने बुझाउँछ ।

**स्थानिय चुनाव ऐन २०७३** : स्थानीय चुनाव ऐन २०७३ का परिच्छेद २ (६) अनुसार "गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना दलित महिला सहित दुई महिला वडा सदस्य" अनिवार्य हुनुपर्ने प्रावधान राखिएको थियो ।
परिच्छेद ४ (१७) दलले अध्यक्ष वा उपाध्यक्ष, मेयर वा उपमेयर पदमध्ये एकमा महिला हुनुपर्ने, वडा समितिमा अनिवार्य महिला उम्मेदवार हुनुपर्ने तर यी सब पदमा एक मात्र उम्मेदवार खडा गरेको हकमा लागु नहुने प्रावधान राखिएको थियो ।

११

१२

१३

१४

# माघ



**१५**

**मत अधिकार**
२००७ माघ १५ गते नेपालमा महिलालाई पहिलो पटक मतदान अधिकार प्राप्त भएको दिन ।

**१६**

**१७**

**१८**

**१९**

**२०**

**२१**

**महिला आरक्षण**
२०६८ माघ २१ गते राजनीतिक निकाय र संघिय संसदमा महिलाको ३३ प्रतिशत आरक्षण सुनिश्चित गरियो ।

**२२**

**२३**

**२४**

**२५**

**२६**

**२७**

डा. सुशीला महर्जनले माटोका सूक्ष्म जीवहरूमा गरेको अनुसन्धानका लागि २०७२ सालमा महिला वैज्ञानिक एल्सेभियर फाउन्डेसन पुरस्कार प्राप्त गरिन् ।

**२८**

**२९**




**३०**

**महिला मार्च**
वि.सं. २०७७ माघ ३० गते नेपालमा महिला, बालिका तथा किशोरीहरू विरूद्ध यौन हिंसा लगायतका हिंसाहरू बढिरहेको र ति घटना प्रतिको राज्यको उदासिनता प्रति असन्तुष्टि जनाउँदै राज्यको जवाफदेहिताको माग गर्दै वृहत नागरिक आन्दोलनले महिला मार्च आयोजना गरेको थियो ।

# फागुन




**१** **नेपाली महिला फुटबलः** महिला फुटबल टिमको गठन २०३६ सालतिर भएतापनि अखिल नेपाल फुटबल संघले पहिलो पटक महिला राष्ट्रिय फुटबल प्रतियोगिता आयोजना गरी महिला फुटबललाई संस्थागत रूपमा अघि बढाएको दिन । नेपाली महिला फुटबल राष्ट्रिय टोलीले २०४३ मंसिर २९ गते एसियन फुटबल महिला च्याम्पियनसिपमा पहिलो अन्तर्राष्ट्रिय खेल हङ्कङ्ग विरूद्ध खेलेको थियो । हाल नेपाली फुटबल टिमको फिफा विश्व वरियता ९९औं छ ।

**२**

**३**

**४**

**५** **महिला, शान्ति र सुरक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजना अपनाउने** नेपाल दक्षिण एसियाको पहिलो देश बन्यो जसले संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२० मा आधारित योजना अपनाएको थियो, जसले शान्ति र सुरक्षामा महिलाको भूमिकालाई जोड दिएको थियो ।




**६** **रिना रसाईली – मैना सुनुवार हत्याः** नेपालको १०-वर्षे जनयद्धका दौरान २०६० सालमा नेपाली सेनाद्वारा रिनालाई बलात्कार पछि हत्या र १४ वर्षीय मैनालाई चरम यातना दिइ हत्या गरिएको थियो । यो हत्या, जनयुद्धका दौरान राज्यको तर्फबाट भएको, मानवअधिकारको जघन्य उल्लंघन सम्बन्धी दण्डहिनता र जवाफदेहिता उजागर गर्ने एक प्रतिनिधिमूलक घटना हो ।




**७** २०४६ फागुन ७ देखि चैत्र १० सम्म एकतन्त्रीय राजतन्त्रतात्मक शासन व्यवस्थाको विरूद्ध महिलाको सक्रिय सहभागिता र योगदान थियो ।

**८**

**९**

**१०**

**११**

**१२**

**१३**

**१४**

# फागुन

१५

१६

१७

१८

१९

२०

२१

२२ **नारीवादी पुस्तकालय, जुनकिरी**
२०७६ सालमा स्थापित भएको थियो

जुनकिरी
नारीवादी पुस्तकालय

२३

२४ २००८ फागुन २४ अखिल नेपाल महिला संघको स्थापना

राष्ट्रिय महिला NWC आयोग-२०५८

२०५८ फागुन २४ गते राष्ट्रिय महिला आयोगको स्थापना




**#RageAgainstRape #अझैकतिसहने अभियान २०७४**
नेपालमा महिला, बालिका र किशोरीहरू विरूद्ध बढ्दो यौन हिंसाको विरूद्ध राज्यको जवाफदेहिताको माग गरेको अभियान थियो । यो अभियानले निर्मला पन्तको बलात्कार अनि हत्या विरूद्धको आन्दोलनको समन्वय पनि गरेको थियो ।

२५ कामाक्षी देवीको अध्यक्षतामा नेपाल महिला संगठनले पहिलो पटक अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाएको दिन ।

२६

२७

२८

२९

३०

३१

# चैत्र

१

९

२

१०

३

११

४

१२ **महिला मन्त्रीः** २०५३ सालमा साहना प्रधान महिला तथा समाज कल्याण मन्त्रालयको मन्त्री बन्नुभयो । यो पहिलो पटक महिलालाई पूर्ण मन्त्री पद दिइएको थियो ।

५

१३

६

१४ नेपालको पहिलो छात्राहरू मात्र पढाइने कन्या मन्दिर माध्यमिक विद्यालय २००३ सालमा स्थापना भएको थियो ।

७

१५ सोनी राणालाई नेपालको पहिलो महिला पाइलटको रूपमा चिनिन्छ । उनले २०४७ सालमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट उड्डयन लाइसेन्स प्राप्त गरेकी थिइन् ।

८ "सवारी मेरो रेलैमा" गीत रेकर्ड गरेर मेलवादेवी गुरूङ्ग नेपालमा मात्र नभई भारतमा पनि पहिलो गायिका बनिन् ।



१६

१७

# चैत्र

**१८** **महिला उप-प्रधानमन्त्रीः** वि.सं. २०६३ चैत्र १८ गते साहना प्रधान पहिलो उप-प्रधानमन्त्री, र परराष्ट्र मन्त्री बन्नुभयो ।




माओवादी जनमुक्ति सेनाका 'सेक्शन कमाण्डर' उमा भुजेल लगायत ५ जना महिला कैदीहरू कमला नहर्की, एन्जिला वि.क., सञ्जु अर्याल, मिना मरहत्ता, रिता वि.क. ले २०५८ सालमा गोरखामा सफल जेल ब्रेक गरेको दिन ।

नेपालको १०-वर्षे जनयुद्धबाट यौनहिंसा, विस्थापन, जबर्जस्ती बेपत्ता तथा गैर-न्यायिक हत्या जस्ता मानवअधिकार विरोधी उल्लंघनका घटनाहरूबाट प्रभावित महिलाहरूको मुद्दाको सुनुवाईका पहलका लागि पैरवी गर्न २०७७ चैत्र १८ गते द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जालको दर्ता भएको थियो ।

द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल
CVWN
स्थापनाः २०७७

**१९**

**२०** २०५२ चैत्र २० गते महिला पत्रकार हरूद्धारा सञ्चार क्षेत्रमा महिलाको सशक्तिकरण, समान प्रतिनिधित्व, तथा लैंगिक न्याय सुनिश्चित गर्न सञ्चारिका समूह नेपाल दर्ता भएको हो ।

सञ्चारिका समूह नेपाल
२०५२
SANCHARIKA SAMUHA
FORUM OF WOMEN JOURNALISTS & COMMUNICATORS

**२१**

**२२**

**२३**

**२४**

**२५** घरेलु हिंसा, देह व्यापारको लागि बेचबिखन, बाल वेश्यावृत्ति, बाल श्रम र विभिन्न प्रकारका शोषण र यातना जस्ता अपराधहरूबाट नेपाली बालिका र महिलाहरूलाई जोगाउन" सामाजिक रूपमा प्रतिबद्ध पेशाकर्मीहरूको समूहद्वारा २०४९ सालमा माइती नेपालको स्थापना भएको थियो ।

माइती नेपाल • Maiti Nepal

**२६**

**२७**

**२८** **पहिलो संविधानसभामा उल्लेखनीय संख्यामा महिला सभासद**
नेपालको पहिलो संविधानसभाको चुनावबाट गठित सभामा प्रत्यक्ष तथा समानुपातिक दुवै गरी निर्वाचित ६०१ सांसदहरूमा महिला सांसदहरूको उल्लासमय प्रतिनिधित्वमूलक सहभागिता रह्यो । यसरी निर्वाचित भएका ६०१ संविधानसभा सदस्यहरूमध्ये महिला सदस्यहरूको संख्या ३३% थियो र यि सभासदहरू राजनीतिक दलका सदस्य, कानूनविद र दश-वर्षे जनयुद्धका जनयोद्धा थिए । संविधानसभामा २०६५ जेष्ठ १५ देखि संविधानसभाको विघटन नहुन्जेल सम्म २०६९ जेष्ठ १५ सम्म महिला आन्दोलनका राजनीतिक-सामाजिक-साँस्कृतिक-आर्थिक मुद्दाहरूको उठान गरे ।

**२९**

**३०**

**३१**

# नोट



**प्रकाशकको अस्वीकरण**

यस प्रकाशन बिक्रीका लागि होइन । यसमा प्रयोग गरिएका तस्वीरहरू सम्बन्धित व्यक्तिहरूले उदारतापूर्वक साझा गरेका हुन् र साभार गरिएका तस्वीरहरू तिनीहरूका मूल सर्जक/श्रष्टाहरूलाई श्रेय दिइएको छ । यस प्रकाशनमा साथ र सहयोग गर्नु हुने सम्पूर्ण फोटोग्राफर, योगदानकर्ताहरू तथा साझेदार संस्थाहरू प्रति हामी कृतज्ञ छौं ।

वि.सं. २०८२ मा प्रथम पटक प्रकाशित

voices of women media

Dhokatole, Kathmandu-19, Nepal
+977-01-5350747, +977 9861047681
info@voicesofwomenmedia.org
www.voicesofwomenmedia.org